प्रथम अध्यक्षताको सन्देश, मे २०१७



अध्यक्ष डिटर एफ् उक्डोर्फद्वारा
प्रथम अध्यक्षतामा दोस्रो सल्लाहकार

# पूर्ण प्रेमले त्रासलाई भगाउँछ

हाम्रो त्रासलाई पर राखौं र त्यसको सट्टा खुशी, नम्रता, आशा र परमप्रभु हामीसँगै हुनुहुन्छ भन्नेदृढ आत्मविश्वासका साथ जियौं ।

मेरा प्यारा दाजुभाइहरु र दिदीबहिनीहरु, प्यारा साथीहरु, हाम्रो आस्था र परमेश्वर र उहाँका सन्ततीहरुको प्रेममा एक भएको विश्वव्यापी चर्चका रुपमा भेट हुन पाउनु यो कस्तो सौभाग्य र खुशीको कुरा ।

म विशेष गरी हाम्रा प्रिय अगमवक्ता थमस एस् मनसनको उपस्थितिका लागि कृतज्ञ छु । अध्यक्ष, हामी हजुरका निर्देशन, उपदेश र ज्ञानका वचनहरुलाई हाम्रो हृदयमा लिन्छौं । हामी हजुरलाई प्रेम गर्छौं अध्यक्ष मनसन, र हामी सधैं हजुरका लागि प्रार्थना गर्छौं ।

वर्षौं पहिला, जब म किल्ला अध्यक्षका रुपमा फ्र्याङ्कफर्ड जर्मनीमा सेवा गरिरहेको थिएँ, एक प्रिय तर बेखुशी बहिनीको हाम्रो किल्ला सभाको अन्त्यमा मसँग भेट भयो ।

“के यो डरलाग्दो छैन?” उहाँले भन्नुभयो । तपाईंले वक्तव्य दिँदा चार वा पाँच जना सुतिरहेको जस्तो लाग्यो ।

मैले केही समय सोचें र जवाफ दिएँ, “म पूर्ण रुपमा निश्चित छु कि चर्चको सुताइ सबै सुताइहरु मध्येको स्वास्थ्यप्रद सुताइ हो ।”

मेरीसुन्दर श्रीमती ह्यारिटले यो आकस्मिक आदानप्रदानलाई सुन्नुभयो र यो नै मैले दिएका जवाफहरु मध्येको उत्तम जवाफ थियो भनेर पछि बताईन् ।

## एक महान् जागृति

केही सय वर्ष अगाडि उत्तर अमेरीकामा, महान् जागृति भन्ने आन्दोलन ग्रामीण क्षेत्रभरी फैलियो । यसका प्रमुख उद्देश्यहरु मध्येको एक उद्देश्य आत्मिक विषयहरुमा सुतेका जस्ता देखिने मानिसहरुलाई जगाउनु थियो ।

प्रचारकहरुबाट सुनेका कुराहरुबाट युवक जोसेफ स्मिथ प्रभावित हुनुहुन्थ्यो जो यो धार्मिक उत्तेजनाका अंग थिए । यो नै उहाँले व्यक्तिगत प्रार्थनामा परमप्रभुको चाहनालाई इमान्दारितापूर्क खोजी गर्ने कारण थियो ।

यी प्रचारकहरुसँग पापीहरुलाई नरकको आगोको ज्वालाले प्रतिक्षा गरिरहेको छ भन्ने तिनीहरुका बोझिला अवधारणाहरुका रुपमा परिचित उपदेशसँगै नाटकीय, सम्वेदनात्मक प्रचारको तरिका थियो ।[1] तिनीहरुका वक्तव्यहरुले मानिसहरुलाई सुत्न दिँदैनथे तर तिनीहरुले नराम्रा सपनाहरु देखिए होलान् । तिनीहरुको उद्देश्य र तरिका भनेको चर्चमा मानिसहरुलाई त्रसित पार्नु थियो जस्तो देखिन्थ्यो ।

## त्रास जालसाजीका रुपमा

ऐतिहासिक रुपमा, त्रासलाई मानिसहरुलाई कुनै कार्य गर्न लगाउने साधनका रुपमा प्रायशः उपयोग गरेको देखिन्छ । अभिभावकहरुले यसलाई तिनीहरुका केटाकेटीमा, रोजगारदाताले तिनीहरुका कर्मचारीहरुमा र राजनीतिज्ञहरुले तिनीहरुलाई भोट दिनेहरुमा उपयोग गरेका छन् ।

व्यापार गर्न माहिरहरुले त्रासको शक्तिलाई बुझ्छन् र प्रायशः यसलाई उपयोग पनि गर्छन् । यसैले केही विज्ञापनहरु यस्तै अव्यक्त सन्देश दिने देखिन्छन् कि यदि हामी तिनीहरुका विहानका खाना किन्न चुक्यौं भने वा नयाँ भिडियो खेल वा मोवाइल गुमायौं भने हामीले कष्टदायी जीवन जिउने, एक्लै मर्ने र बेखुशी हुने खतरा मोल्यौ ।

हामी यसमा मुस्कुराउँछौं र सोच्छौं हामी कहिल्यै पनि यस्ता कपटी योजनामा फस्दैनौं, तर कहिलेकाहीं हामीले त्यही विधि प्रयोग गरेर अरुहरुलाई हामीले चाहेको कुरा गर्न लगाई अति नै नराम्रो गर्न सक्छौं ।

आजको मेरो सन्देशका दुई उद्देश्यहरु छन्: पहिलो हामीलाई मनन गर्न र अरुहरुलाई प्रेरणा दिन हामीले उपयोग

गर्ने त्रासको सीमालाई ध्यान दिन आग्रह गर्नु हो – आफुलाई सहित । दोस्रो राम्रो तरिका बारे सुझाव दिनु हो ।

## त्रासका समस्या

पहिला त्रासका कारण हुने समस्याहरुलाई सम्बोधन गरौं । यी सबै पछि हामी बीचमा भएका कस्लाई त्रासद्वारा राम्रो खान, सिटको पेटी बाँध्न, अझै बढी अभ्यास गर्न, पैसा बचाउन वा पापको पश्चात्तापका लागि वाध्य बनाइँदैनन् ।

हाम्रा कार्यहरु र व्यवहारहरुमा त्रासको शक्तिशाली प्रभाव हुन सक्ने कुरा सत्य हो ।तर त्यो प्रभाव क्षणिक र सतही प्रकृतिको हुन्छ । त्रासमा वास्तविक रुपमा हाम्रो हृदयलाई परिवर्तन गराउने शक्ति हुन्छ, र यसले हामीलाई सही कुरा के हो त्यसलाई प्रेम गर्ने र स्वर्गमा रहनुहुने पितालाई अनुशरण गर्ने मानिसहरुमा कहिल्यै पनि रुपान्तरित हुन दिँदैन ।

त्रसित मानिसहरुले भन्न सक्छन् र सही कुरा गर्न सक्छन्, तर तिनीहरुले सही कुराहरु महसुस गर्न सक्दैनन् ।

तिनीहरुले प्रायजसो असहाय र आक्रोशित महसुस गर्छन्, क्रोधित पनि । समयको क्रमसँगै यी महसुसहरुले अविश्वास, अवज्ञा, विद्रोहमा समेत अगुवाई गर्छ ।

दुर्भाग्यवस, जीवन र नेतृत्वका लागि यो पथभ्रष्ट दृष्टिकोण यो लौकिक संसारमा मात्रै सीमित छैन । तिनीहरुको घरमा, तिनीहरुका चर्च बोलावटहरुमा, काममा वा अरुहरुसँगका तिनीहरुका दैनिक वार्तालापहरुमा अधार्मिक प्रभुत्व जमाउन अभ्यासरत चर्चका सदस्यहरुको कुरा सुन्दा मलाई पीडा हुन्छ ।

प्रायश: मानिसहरुले अरुहरुलाई भयभीत पारेर अपराधी ठह्र्याउन सक्छन्, तैपनि तिनीहरुले आफूले गरेको यो कुरा देख्न सक्दैनन् । तिनीहरुले आफ्नै मनोमानीका नियमहरुमा कबुल गराउन खोज्छन् तर जब अरुहरुले ती सोचसमझ बिनाका नियमहरु पालना गर्दैनन् तिनीहरुले उनीहरुलाई बोली, सम्बेदना र कहिलेकाहीँ भौतिक रुपमा पनि दण्ड दिन्छन् ।

परमप्रभुले भन्नुभएको छ "जब हामीले … अधार्मिकताको कुनै पनि तहमा मानवका सन्ततीहरुको आत्मा माथि नियन्त्रण वा प्रभुत्व वा वाध्य बनाउँने अभ्यास गर्छौं, … तिनीहरुस्वयम्लाई स्वर्गले बाहिर निकाल्छ (र) परमप्रभुको आत्मा दु:खित हुन्छ ।" [२]

त्यहाँ त्यस्ता क्षणहरु हुन सक्छन् जहाँ साध्यले नै साधनलाई न्याय संगत बनाउन हामी हाम्रा कार्यहरुलाई उचित ठहऱ्याउनका लागि प्रलोभित हुन्छौं । नियन्त्रित, तोडमोड गर्ने र कठोर बन्नु अरुहरुका लागि असल हो भन्ने कुरा हामी सोच्न सक्छौं । यसो होइन किनकि परमप्रभुले यसलाई स्पष्ट पार्नुभएको छ कि, "आत्माको फल प्रेम, खुशी, शान्ति, धीरज, नम्रता, असलपना, आस्था, विनय र संयम हो ।"[३]

## एक असल मार्ग

स्वर्गमा रहनुहुने मेरा पितालाई मैले जति धेरै बुझ्न सकेँ, त्यति नै बढी उहाँले आफ्ना सन्ततीहरुलाई प्रेरणा र अगुवाई गर्नुहुन्छ भन्ने कुरा मैले देख्छु । उहाँ क्रोधित, ईखालु वा प्रतिशोधक हुनुहुन्न । [४] उहाँको उद्देश्य, उहाँको कार्य र उहाँको महिमा हाम्रा लागि उपदेशक, पदोन्नत गर्ने र उहाँको पूर्णतामा अगुवाइ गर्ने कुरा हुन् । [५]

परमेश्वर स्वयम्ले मोसालाई "कृपालु र अनुग्रह, सहनशीलता र असलपना र सत्यमा प्रचूर" [६] भनेर वर्णन गर्नुभयो ।

स्वर्गमा रहनुहुने हाम्रा पिताको हामीहरु प्रतिको प्रेम, उहाँका सन्तति, हाम्रो समझ भन्दा धेरै टाडाको विषय हो । [७]

के यसको अर्थ परमेश्वरले आफ्ना आज्ञाहरु विरुद्धका व्यवहारहरुलाई ढाकछोप गर्ने वा उपेक्षा गर्ने गर्नुहुन्छ ? होइन वास्तवमा नै होइन ।

तरपनि उहाँ हाम्रा व्यवहारहरु मात्रै नभई धेरै कुराहरु परिवर्तन गर्न चाहनुहुन्छ । उहाँ हाम्रो वास्तविक प्रकृति नै परिवर्तन गर्न चाहनुहुन्छ । उहाँ हाम्रो हृदय नै परिवर्तन गर्न चाहनुहुन्छ ।

उहाँ हामी फलामको रडमा पुगेर बलियो गरेर समाऊन्, हाम्रो त्रासलाई सान्त्वना दिऊन् र साहसी तरिकाले साँघुरो र सिधा बाटोमा अगाडि बढून् भन्ने चाहनुहुन्छ । उहाँ यो हाम्रा लागि चाहनुहुन्छ किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ किनकि यो नै खुशीसम्म पुग्ने तरिका हो ।

त्यसोभए हाम्रा दिनहरुमा परमेश्वरले आफ्ना सन्ततिहरुलाई आफूलाई अनुशरण गर्न कसरी प्रेरित गर्नुहुन्छ ?

## उहाँले आफ्नो पुत्र पठाउनुभयो ।

हामीलाई सही मार्ग देखाउनका लागि परमेश्वरले जन्माइएका एक मात्र पुत्र येशू ख्रीष्ट पठाउनुभयो ।

परमेश्वरले अनुनय, सहनशीलता, शिष्टता, नम्रता र विचित्र प्रेमका माध्यमबाट प्रेरित गराउनुहुन्छ । [८] परमेश्वर हाम्रो छेवैमा हुनुहुन्छ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ, र जब हामी ठक्कर खाएर लडखडाउँछौं, उहाँले हामी उठून् फेरी कोशिष गरुन् र मजबुत बनून् भन्ने चाहनुहुन्छ ।

उहाँ हाम्रो उपदेशक हुनुहुन्छ ।

उहाँ हाम्रो महान् र पोषणयुक्त आशा हुनुहुन्छ ।

उहाँले हामीलाई आस्थासँगै प्रोत्साहित गर्न चाहनुहुन्छ ।

हाम्रा गलत कदमहरुबाट सिक्छन् र सही छनौट गर्छन् भनेर उहाँले हामीलाई भरोसा गर्नुहुन्छ ।

यो राम्रो मार्ग हो । [९]

## संसारको दुष्टता के हो ?

दुष्टतालाई संसारमा वास गराएर र त्यसबाट अतिरञ्जित गराई हामीले अरुहरुलाई तोडमोड पारुन् भन्ने सैतान चाहन्छ ।

निश्चिय नै हाम्रो संसार सधैं अपूर्ण रह्यो र निरन्तर रुपमा रहनेछ । प्रकृति र मानवका अमानवीय गलत क्रियाकलापका कारण असंख्य मानिसहरुले दुःख पाउँछन् । हाम्रो समयमा भइरहेका भ्रष्टाचार र दुष्टताहरु अनौठा र सचेत गराउने खालका छन् ।

तर यो सबैका बावजुद, यो समयमा जीवित हुन पाउनु संसारको इतिहासका अन्य कुनै पनि समयमा जिउनुले प्रतिस्थापित् गर्दैन । मापन बाहिरको अनुपम ज्योति, वैभव र लाभको दिनमा जिउन पाउँदा हामी धन्य छौं । सबै भन्दा बढी, हामी यशू ख्रीष्टको सुसमाचारको पूर्णता प्राप्तिका कारण आशीषित छौँ, जसले हामीलाई सांसारिक खतराहरुमा विशिष्ट दृष्टिकोण दिन्छ र यी खतराहरुलाई परित्याग गर्न वा यिनीहरुको सामना कसरी गर्ने भनेर देखाउँछ ।

जब म यी आशीषहरुका बारेमा विचार गर्छु,
उहाँका सबै सन्ततिहरु प्रतिको उहाँको अनन्त प्रेमका लागि म मेरा घुँडा मारेर स्वर्गमा रहनुहुने हाम्रा पितालाई प्रायशः प्रशंसा गर्न चाहन्छु ।

परमेश्वरले उहाँका सन्ततिहरुलाई त्रसित वा संसारको दुष्टतामा रुमल्लिऊन् भन्ने चाहनुहुन्छ भन्ने मलाई विश्वास लाग्दैन । "किनकि परमेश्वरले हामीलाई त्रासको आत्मा दिनुभएको छैन; तर शक्ति, र प्रेम, र प्रखर मस्तिष्क दिनुभएको छ ।" [१०]

उहाँले आनन्दित हुनका लागि हामीलाई असंख्य माध्यमहरु दिनुभएको छ । हामीले केवल तिनीहरुलाई पत्तालगाउनु र चिन्नु आवश्यक छ । परमप्रभुले हामीलाई प्रायशः "नडराउन" र "खुशी बन्न", स्मरण गराउनुहुन्छ ।[११] अनि सानो समूह, त्रसित नबन । [१२]

## परमप्रभुले हाम्रो युद्ध लड्नुहुनेछ

दाजुभाइ र दिदीबहिनीहरु, हामी परमप्रभुका "सानो दल" हौं । हामी पछिल्ला दिनका सन्तहरु हौं । मुक्तिदाताको पुनरागममा उहाँलाई प्राप्त गर्नका लागि हामी स्वयम् र संसारलाई प्रतिक्षा गर्न तत्पर हुनुहाम्रो नाममा भएको अन्तरनिहित प्रतिवद्धता हो । त्यसैले परमेश्वरको सेवा गरौं र हाम्रा सहयात्रीहरुलाई माया गरौ । अर्को धर्म वा समुहका मानिसहरुलाई कहिल्यै पनि होच्याउने नगरीकन स्वभाविक दृढता, विनम्रताका साथ यसो गरौँ । दाजुभाइ र दिदीबहिनीहरु, हामीहरुलाई परमेश्वरका वचनहरु अध्ययन गर्न र आत्माको आवाजलाई सुन्न भनिएको छ ताकि हामीले "समयको चिन्ह र मानवका पुत्रको आगमनको चिन्हलाई जान्न सकौं ।" [१३]

त्यसैले हामी संसारका चुनौतिहरु प्रति अनभिज्ञ छैनौं, न त हामी हाम्रो समयका कठिनाइहरुका बारेमा नै अनभिज्ञ छौं । त्यसको अर्थ यो होइन कि निरन्तरको त्रासका कारण हामीले आफू स्वयम् वा अरुहरु माथि बोझ थुपारौं । हाम्रा चुनौतिहरुको असीमितत्तामा रुमल्लिनुको अलावा के अनन्त महानता, असलपना र हाम्रा परमेश्वरको परम शक्ति, उहाँमा भरोसा राख्दै येशू ख्रीष्टको पूनरागमनका लागि खुशीपूर्ण हृदयले तयारी हुनु राम्रो हुँदैन र ?

उहाँका करारवद्ध जनका रुपमा, हामी त्रासले ग्रसित हुनु आवश्यक छैन किनकि नराम्रा कुराहरु हुन सक्छन् । त्यसको अलावा,हामीले अगाडिका चुनौतिहरु र अवसरहरुको सामना गर्दा हामी आस्था, साहस, समर्पण र परमेश्वरमा भरोसाकासाथ अगाडि बढ्न सक्छौं ।

अनुयायीहरुले अनुशरण गर्ने मार्गमा हामी एक्लैले हिँड्नु पर्दैन । "परमप्रभु तपाईंका परमेश्वर ... तपाईंसँगै जानुहुनेछ; उहाँले तपाईंलाई असफल हुन दिनुहुँदैन, न त तपाईंलाई छोड्नु नै हुन्छ ।" [१५]

"परमप्रभुले तपाईंका लागि लडाइ गर्नुहुन्छ, र तपाईंले आफ्नो शान्तिलाई समात्नुहोस् ।" [१६]

त्रासको बीचमा पनि हामी साहस प्राप्त गरौँ, हाम्रो आस्थालाई एकतृत गरौँ र हाम्रा प्रतिज्ञाहरुमा दृढ बनौं कि "तिम्रा विरुद्धमा निर्माण गरिएको कुनै पनि हतियार फलदायी हुनेछैन ।" [१७]

के हामी जोखिम र अशान्तिको समयमा जिउँछौं ? हो निश्चय नै हामी जिउँछौं ।

परमप्रभु स्वयम्ले भन्नुभयो, "सांसारिक जीवनमा तिमीमा चुनौतिहरु हुनेछन्: तरपनि खुशी बन; मैले संसारमाथि विजय प्राप्त गरेको छु ।" [१८]

के हामीले विश्वास गर्ने र त्यसै अनुरुप कार्य गर्ने आस्थाको अभ्यास गर्न सक्छौं ? के हामी हाम्रो प्रतिवद्धता र पवित्र करारहरु अनुरुप जिउन सक्छौं ? के हामी
चुनौतिपूर्ण परिस्थितिहरुमा समेत परमेश्वरका आज्ञाहरुको पालना गर्न सक्छौं ? हो वास्तवमा नै हामी सक्छौं ।

हामी सक्छौं किनकि परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ, "यदि तिमी सही मार्गमा चल्यौ भने तिम्रो भलाइका लागि सबै चीजहरुले सँगै काम गर्नेछन् ।" [१९] त्यसैले, हाम्रो त्रासलाई पाखा

लगाऊँ र खुशी, दया, आशा, र परमप्रभु हामीसँगै हुनुहुन्छ भन्ने दृढ विश्वासकासाथ जियौं ।

## पूर्ण प्रेमले त्रासलाई भगाउँछ

मेरा प्रिय साथीहरु, ख्रीष्टमा समाहित मेरा प्यारा दाजुभाइ र दिदीबहिनीहरु, यदि हामीले कुनै समय आफूलाई त्रास वा व्याकुलतामा पायौं वा यदि हामीले आफूलाई हाम्रा आफ्नै शब्दहरु, प्रवृत्ति वा क्रियाकलापले अरुहरुमा त्रास पैदा भएको पायौं भने म मेरो आत्माको सबै शक्तिले प्रार्थना गर्छु कि हामी त्रासलाई प्रतिकार गर्ने दैवी नियुक्तिका कारण यो त्रासबाट मुक्त हुन सकौं: ख्रीष्टको पूर्ण प्रेम, किनकि "पूर्ण प्रेमले त्रासलाई भगाउँछ।"[२०]

ख्रीष्टको पूर्ण प्रेमलेक्षति, विवश, भय, वा उत्पीडनका प्रलोभनहरुमा विजय पाउँछ ।

हाम्रा प्रिय मुक्तिदाताको अनुयायीका रुपमा ख्रीष्टको पूर्ण प्रेमले हामीलाई विनम्रता, प्रतिष्ठासँगै, अनि दृढताकासाथ हिँड्न अनुमति दिन्छ । ख्रीष्टको पूर्ण प्रेमले हामीलाई हाम्रो त्रासमाथि विजय पाउन र स्वर्गमा रहनुहुने हाम्रा पिता र उहाँका पुत्र येशू ख्रीष्टको शक्ति र असलपनामा पूर्ण भरोसा राख्नका लागि दृढता दिन्छ ।

हाम्रो घरमा, हाम्रो व्यवसाय गर्ने स्थानमा, हाम्रा चर्च बोलावटहरुमा, हाम्रा हृदयहरुमा, त्रासको सट्टामा ख्रीष्टको पूर्ण प्रेमलाई प्रतिस्थापित् गरौं । ख्रीष्टका मायालेत्रासलाई विश्वासमा प्रतिस्थापान गर्छ ।

उहाँको प्रेमले हामीलाई पहिचान गर्न, भरोसा गर्न, र स्वर्गमा रहनुहुने हाम्रा पिताको असलपना, उहाँको दैवी योजना, उहाँको सुसमाचार, र उहाँका आज्ञाहरुमा आस्था राख्न सक्षम बनाउँछ । [२१] परमेश्वर र हाम्रा साथीहरुले परमेश्वरका आज्ञाहरु प्रतिको हाम्रो आज्ञाकारितालाई बोझका रुपमा नभई आशीषमा परिणत गरिदिन्छन् । ख्रीष्टको प्रेमले हामीलाई अझै बढी दयावान्, अझै बढी क्षमा दिने, अझै बढी हेरचाह गर्ने, र उहाँको काममा अझै बढी समर्पित हुन सहयोग गर्छ ।

जसै हामीले हाम्रो हृदय ख्रीष्टको प्रेमले भरिपूर्ण पार्छौं, हामी नवीकृत आत्मिक ताजगीले जागृत हुनेछौं अनि हामी खुशी, दृढताका साथ, जागृत, र जीवित रुपमा हाम्रा प्रिय मुक्तिदाता येशू ख्रीष्टको प्रकाश र महिमामा अगाडि बढ्नेछौं ।

प्रेरित यूहन्नासँगै म प्रमाणित गर्छु, "ख्रीष्टको प्रेममा कुनै त्रास छैन ।" [२२] दाजुभाइ र दिदीबहिनीहरु, प्रिय साथीहरु, परमेश्वरले तपाईंलाई पूर्ण रुपमा चिन्नुहुन्छ । उहाँले तपाईंलाई पूर्ण रुपमा माया गर्नुहुन्छ । तपाईंको भविष्य कस्तो छ भनेर उहाँलाई थाहा हुन्छ । उहाँले तपाईंलाई "त्रसित होइन विश्वास गर्ने हुनुहोस्" [२३] अनि "उहाँको पूर्ण प्रेममा टिकिरहनुहोस्" [२४] भन्ने चाहनुहुन्छ ।

यो मेरो प्रार्थना र आशीष येशू ख्रीष्टको नाममा  आमिन ।

## सूचीहरू

१ जर्ज ह्वाइटफिल्ड र जोनाथन एड्वार्ड यस्तो सिकाइका दुई महत्वपूर्ण उदाहरणहरु हुन् ।

२ सिद्धान्त र करार १२१:३७ ।

३ गलाती ५:२२ र २३

४ कुनै एक समयमा, मुक्तिदाता समारीहरुको गाउँमा प्रवेश गर्न चाहनुहुन्थ्यो, तर मानिसहरुले येशूलाई परित्याग गरे र तिनीहरुको गाउँमा राख्न चाहन्नथे । यसका कारण उहाँका दुई अनुयायीहरु अति नै अप्रशन्न भए र सोधे, "परमप्रभु, के तपाईं हामीले स्वर्गबाट आगो ल्याएर तिनीहरुलाई नष्ट गरुन् भन्ने चाहनुहुन्छ?" यो उद्धारण सहित येशूले जवाफ दिनुभयो: "तिमीहरु कस्ता आत्माका हौ भनेर तिमीहरुलाई थाहा छैन । मानवका छोराहरु मानवकै जीवन नष्ट गर्नका लागि नभई तिनीहरुलाई रक्षा गर्न आएका हुन्" (हेर्नुहोस् लूका ९:५१-५६, किङ जेम्सको नयाँ संस्करण (१९८२) ।

५ मोसा १:३९, एफिसी ३:१९ पनि हेर्नुहोस् ।

६ प्रस्थान ३४:६

७ एफिसी ३:१९ हेर्नुहोस्

८ सिद्धान्त र करार १२१:४१ हेर्नुहोस् । निश्चय नै यदि परमेश्वरले हामीलाई उहाँका भौतिक सन्ततिका रुपमा एकअर्का प्रति यसरी नै व्यवहार गरुन् भनेर अपेक्षा राख्नुहुन्छ भने उहाँ सद्‌गुणको एक पूर्ण अस्तित्व भएका कारण यस्ता व्यवहारहरुको नमूना हुनुहुनेछ ।

९ स्वर्गमा भएको भौतिक जीवनपूर्वको सभा उत्तम घटना अध्ययन हो जसले परमेश्वरको चरित्रलाई चित्रण गर्छ । त्यहाँ स्वर्गमा रहनुहुने हाम्रा पिताले हाम्रो अनन्त गन्तव्यका लागि उहाँको योजना प्रस्तुत गर्नुभयो । त्यो योजनाको प्रमुख तत्व भनेको छनौटको स्वतन्त्रता, आज्ञाकारिता र ख्रीष्टको प्रायश्चित्तद्वारा मुक्ति पाउनु थियो । तथापिलुसिफरले फरक तरिकालाई प्रस्तुत गऱ्यो । सबैले पालन गर्नेछन् कोही हराउने छैन भनेर उसले निश्चय गऱ्यो । यसो गर्ने एउटै तरिका भनेको निरङकुशता र बाध्य बनाउनु नै थियो । तरपनि स्वर्गमा रहनुहुने हाम्रा प्रिय पिताले यस्तो योजनालाई अनुमति दिनुहुन्नथ्यो । उहाँले आफ्ना सन्ततिहरुको स्वतन्त्रतालाई महत्व दिनुभयो । हामीले वास्तवमा नै सिक्नु छ भने बाटोमा हिँड्दै गर्दा गल्तीहरु गर्नु आवश्यक छ भनेर उहाँले बुझ्नुभयो । त्यसैले उहाँले मुक्तिदाता प्रदान गर्नुभयो जसको अनन्त वलिदानले हामीलाई पापबाट मुक्ति दिलाउँछ र परमेश्वरको राज्यमा हाम्रो पूनर्गमनलाई अनुमति दिन्छ ।

जब स्वर्गमा रहनुहुने हाम्रा पिताले उहाँका
धेरै सन्ततिहरुलाई सैतानद्वारा लोभ्याइएका देख्नुभयो, के उहाँले आफ्नो योजना अनुशरण गर्न बाध्य बनाउनुभयो ? त्यस्ता कठोर छनौट गर्नेहरुलाई के उहाँले भयभीत पार्ने र धम्काउने गर्नुभयो ? होइन, यो विद्रोहलाई हाम्रा सर्वशक्तिमान् परमेश्वरले निश्चय नै रोक्न सक्नुहुन्थ्यो । भिन्न मत राख्नेहरुमाथि उहाँले आफ्नो चाहनालाई लाद्न सक्नुहुन्थ्यो र तिनीहरुलाई पालन गर्न लगाउन सक्नुहुन्थ्यो तर त्यसको अलावा उहाँले आफ्ना सन्ततिहरुलाई तिनीहरु स्वयम्लाई छनौट गर्न दिनुभयो ।

१० २ तिमोथी १:७

११ हेर्नुहोस् उदाहरणका लागि यहोसु १:९, यशैया ४१:१३, लूका १२:३२, यूहन्ना १६:३३, १ पत्रुस ३:१४, सिद्धान्त र करार ६:३६, ५०:४१, ६१:३६, ७८:१८ ।

१२ लूका १२:३२

१३ सिद्धान्त र करार ६८:११

१४ मोसाले उहाँको समयमा आफ्ना जनहरुलाई दिनुभएको निर्देशन अझै पनि उपयोगी छ: "त्रसित नहुनुहोस् । ... परमप्रभुको मक्तिलाई हेर्नुहोस् जुन तपाईंका लागि उहाँले आज पूरा गर्नुहुन्छ" (प्रस्थान १४:१३, किङ जेम्स्को नयाँ संस्करण) ।

१५ नियम ३१:६

१६ प्रथान १४:१४, किङ जेम्स्को नयाँ संस्करण

१७ यशैया ५४:१७

१८ यूहन्ना १६:३३

१९ सिद्धान्त र करार ९०:२४, २ कोरेन्थी २:१४, सिद्धान्त र करार १०५:१४ पनि हेर्नुहोस् ।

२० १ यूहन्ना ४:१८

२१ मुक्तिदाता संसारलाई भत्सना गर्न नभई उहाँका माध्यमबाट संसार बचोस् भन्नाका लागि संसारमा आउनुभएको हो । (यूहन्ना ३:१७) वास्तवमा, उहाँले संसारलाई फाइदा पुर्‍याउने कुरा बाहेक अन्य केही चीज गर्नुहुन्न । उहाँले आफ्नो जीवनको समेत वलि चढाउनुभयो ताकि सबै मानिसहरु उहाँमा नजिक हुन सकून् । (२ नफि २६:२४) ।

२२ १ यूहन्ना ४:१८, १ यूहन्ना ४:१६ पनि हेर्नुहोस्

२३ मर्कूस ५:३६

२४ यूहन्ना १५:१०


© 2017 द्वारासर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97925 372 को अनुवाद ।

## हाम्रो समयको लागि शिक्षा

२०१७ बाट अक्टोवर २०१७ सम्मका चौथो आइतबारहरूमा मेल्कसेदेक पादरित्व र राहत समाजका पाठहरू अप्रिल २०१७ को साधारण सम्मेलनका एक वा बढी वक्तव्यहरूबाट तयार गर्न सकिन्छ । अक्टोवर २०१७ मा वक्तव्यहरू अप्रिल २०१७ अप्रिल वा अक्टोवरका साधारण सम्मेलनबाट छनौट गर्न सकिन्छ । स्टेक र जिल्ला अध्यक्षहरूले कुन वक्तव्यहरू प्रयोग गर्न सकिन्छ भन्ने छनोट गर्न सक्नुहुन्छ, वा उहाँहरूले यो जिम्मेवारी विशपहरू र शाखा अध्यक्षहरूलाई दिन सक्नुहुन्छ ।

वक्तव्यहरू conference.lds.org मा धेरै भाषाहरूमा उपलब्ध छन् ।

अध्यक्ष थमस एस् मनसनद्वारा



# मरमनको पुस्तकको शक्ति

म याचना गर्छु कि हामी हरेकले प्रार्थनापूर्वक हरेक दिन मरमनको पुस्तकको अध्ययन र मनन गरौं ।

मेरा प्यारा दाजुभाइ र दिदीबहिनीहरु, पछिल्ला दिनका सन्तहरुको येशू ख्रीष्टको चर्चको महान् साधारण सम्मेलनमा हामी पूनः भेट भएकोमा म तपाइँहरुलाई अत्यन्तै न्यानो अभिवादन गर्न चाहन्छु । मैले आजको मेरो औपचारिक सन्देश सुरु गर्नु अगाडि म पाँचवटा नयाँ मन्दिरहरुका बारेमा घोषणा गर्न चाहन्छु जुन निम्न स्थानहरुमा बन्नेछन्: ब्राजिलको वार्षिला, फिलिपिन्स् क्षेत्रको ठूलो मनिला, केन्याको नाइरोबी, यू एस् ए आइडहोको पोकाटेलो र यू एस् ए यूटाको साराटोगा स्प्रिङ ।

आज विहान म मरमनको पुस्तकको शक्ति र यो चर्चका सदस्यहरुका रुपमा यसको अध्ययन, मनन र यसका शिक्षाहरु हाम्रो जीवनमा उपयोग गर्नुको सम्वेदनशिलताका बारेमा बोल्नेछु । मरमनको पुस्तक बारेको दृढ र सुनिश्चित गवाही प्राप्त गर्नुको महत्वलाई वर्णन गरेर नै सकिँदैन ।

हामी महान् समस्या र दुष्टताको समयमा जिइरहेका छौं । हामीलाई आजको संसारमा प्रभुत्वशाली पाप र दुष्टताबाट के ले बचाउने छ ?म प्रोत्साहन गर्छु कि हाम्रा मक्तिदाता येशू ख्रीष्ट प्रतिको मजबुत गवाही, येशू ख्रीष्ट र उहाँको सुसमाचारले सुरक्षित हुन सहयोग गर्छ । यदि तपाईंले दैनिक रुपमा मरमनको पुस्तक पढिरहनुभएको छैन भने, क्रिपया पढ्ने गर्नुहोस् । यदि तपाईंले यसलाई प्रार्थनापूर्वक र सत्य जान्ने निष्ठावान् चाहना सहित पढ्नुहुन्छ भने पवित्र आत्माले यसको सत्यता तपाईंलाई प्रकट गर्नुहुनेछ । यदि यो सत्य छ भने अनि म गम्भिरताका साथ प्रमाणित गर्छु कि यो सत्य छ । त्यस पछि जोसेफ स्मिथ अगमवक्ता हुनुहुन्थ्यो जसले परमेश्वर पिता र उहाँका पुत्र येशू ख्रीष्टलाई देख्नुभयो ।

मरमनको पुस्तक सत्य भएका कारण, पछिल्ला दिनका सन्तहरुको येशू ख्रीष्टको चर्च यो संसारमा परमेश्वरको चर्च हो र परमेश्वरको पवित्र पादरित्व उहाँका सन्ततिहरुको फाइदा र आशीषहरुका लागि पूनर्स्थापित् गरिएको हो ।

यदि तपाईंसँग यी कुराहरुका बारेमा दृढ गवाही छैन भने तिनीहरुलाई प्राप्त गर्नका लागि आवश्यक कार्यहरु गर्नुहोस् । यी कठीन समयहरुमा तपाइँका लागि तपाईं स्वयम्को गवाही हुनु अत्यावश्यक छ किनकि अरुहरुको गवाहीले तपाईंलाई यहाँसम्म मात्रै ल्याउन सक्नेछ । जे भए तापनि एक पटक गवाही प्राप्त गरिसकेपछि उक्त गवाहीलाई परमेश्वरका आज्ञाहरु प्रतिको आज्ञाकारिता र दैनिक प्रार्थना र धर्मशास्त्रको अध्ययनका माध्यमबाट निरन्तर रुपमा महत्वपूर्ण र जीविन राख्नु आवश्यक छ ।

परमेश्वरको कार्यमा सहयोग गर्ने मेरा प्यारा सहयोगीहरु, म हामी हरेकलाई प्रत्येक दिन प्रार्थनापूर्वक मरमनको पुस्तक अध्ययन गर्नका लागि याचना गर्छु । जैसै हामीले त्यसो गर्नेछौं हामी प्रलोभनको प्रतिरोध, द्विविधा र त्रास माथि विजय पाउन अनि हाम्रो जीवनमा स्वर्गको सहयोग प्राप्त गर्न आत्माको आवाज सुन्न सक्ने अवस्थामा हुनेछौं । मेरो भित्री हृदयबाट म यो येशू ख्रीष्टको नाममा प्रमाणित गर्छु, आमीन ।

© 2017 द्वारासर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97925 372 को अनुवाद ।